सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ८२ ♦ २०८२ साल मंसीर १० बुधवार ♦ 26 Nov 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको वैवाहिक कार्यक्रम विविधता र भव्यताका साथ सम्पन्न

फोटोहरु : रासस







अजयकुमार साह

**मंसीर ९ गते, बर्दिवास**

सातादेखि जारी रहेको सीताराम विवाहपञ्चमी महोत्सवअन्तर्गत सबैभन्दा महत्वपूर्ण सीताको स्वयम्बर र वैवाहिक समारोह मंगलबार धुमधामका साथ सम्पन्न भएको छ।

अपरान्ह करिब १:४५ बजे बाजागाजासहित जानकी मन्दिर बाट माता सीताको डोला रंगभूमि–बाह्र बिघा मैदान–तर्फ प्रस्थान भएको थियो। परम्परा अनुसार जानकी मन्दिरको डोला रंगभूमि मैदानमा अग्रस्थानमा पुग्ने चलन यस वर्ष पनि कायम रह्यो। बिहानैदेखि विशेष पूजामा सहभागी हुन देश-विदेशका भक्तजनहरूको भीड लागेको थियो।

डोलासँगै हजारौं भक्तजन रंगभूमि मैदानमा पुगेपछि सीता स्वयम्बर को पवित्र र अलौकिक दृश्य अवलोकन गरिएको थियो। केही समयपछि राम मन्दिरको डोला, अयोध्याबाट आएका जन्ती तथा बाजागाजासहित रंगभूमि मैदानमा प्रवेश गरेपछि समारोहको भव्यता झनै बढेको थियो।

मिथिला परम्परा अनुसार, विभिन्न मठ-मन्दिरका डोलाले भगवान रामको डोलाको परिक्रमा गरी स्वयम्बर विधि सम्पन्न गराइएको थियो। स्वयम्बर कार्यक्रम चलिरहँदा हेलिकोप्टरबाट गरिएको पुष्पवृष्टिले वातावरणलाई आध्यात्मिक र मनोहर बनाएको थियो। रामायणमा उल्लेख भएझैँ, त्रेतायुगमा धनुष यज्ञका अवसरमा देवी-देवताले गरेको पुष्पवृष्टिको स्मरण यस समारोहमा पुनर्जीवित भयो।

साँझ स्वयम्बर सकिएपछि राम-सीतालगायत सबै डोला नगर परिक्रमा गर्दै पुनः जानकी मन्दिरमा प्रवेश गरे, जहाँ पारम्परिक विधिअनुसार वैवाहिक कर्मकाण्ड प्रारम्भ भएको थियो। मिथिला रीति-रिवाजअनुसार नै वैवाहिक प्रक्रिया सम्पन्न गरिएको महन्त रामरोशन दास वैष्णवले जानकारी दिए।

वैवाहिक समारोहको अर्को विशिष्टता–मिथिलानीहरूको संगीतमय गाली परम्परा–यसपालि पनि उल्लासपूर्वक मनाइएको थियो। सनातन धर्मावलम्बीहरूमा सामान्यतः देवतामाथि कठोर वचन प्रयोग गरिँदैन; तर मिथिला परम्परामा विवाहको खुसीयाली व्यक्त गर्न प्रतीकात्मक रूपमा अयोध्याका जन्ती, रामका माता-पिता तथा गुरुजनहरूप्रति गाली प्रस्तुत गरिन्छ। महाकाव्यीय परम्पराबाट उद्गम भएको यो चलन आजसम्म संरक्षण हुँदै आएको मानिन्छ।

जनकपुरधाममा केही दिन बसेका अयोध्याका जन्तीहरू बुधबार जानकी मन्दिरमा आयोजना हुने रामकलेवा कार्यक्रममा सहभागी हुनेछन्। विशेष मिथिला परिकारसहितको भोजन गरेर जन्तीको सम्मानपूर्वक विदाइ गरी विवाहपञ्चमी महोत्सवको अन्त्य गरिनेछ।

# धनुषामा मुसहर समुदाय सशक्तीकरण कार्यक्रमको संयुक्त अनुगमन सम्पन्न



**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, बर्दिवास**

लुथरन वर्ल्ड फेडरेसन नेपाल (LWF) को आर्थिक सहयोगमा ऋषिवंश एकता समाज नेपाल तथा लुथरन सामुदायिक कल्याण समाजद्वारा सञ्चालित मुसहर समुदाय सशक्तीकरण कार्यक्रमको मंगलबार संयुक्त अनुगमन गरिएको छ। अनुगमन टोलीमा संस्थाका प्रतिनिधि, पत्रकार तथा स्थानीय अगुवा व्यक्तिहरू सहभागी थिए।

संयुक्त टोलीले क्षिरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगर पालिका र हंसपुर नगर पालिकाका कार्यक्रम स्थलहरूमा पुगेर समुदायमा आएको परिवर्तन, प्रभावकारिता तथा कार्यक्रमको अवस्थाबारे अवलोकन गरेको हो। अनुगमनका क्रममा टोलीले महिला उद्यमी समूह, मानवअधिकार रक्षक समूह, अपाङ्गता सञ्चालक नेटवर्क तथा समुदायका अग्रणी व्यक्तिहरूसँग भेटघाट गरी समसामयिक अवस्था बारे जानकारी लिएको थियो।

लुथरनका कार्यक्रम अधिकृत सुजित सोरेनले मुसहर समुदायलाई मूलधारमा ल्याउन क्षमता अभिवृद्धि, सशक्तीकरण, शिक्षा, स्वास्थ्य, न्यायमा पहुँच वृद्धि तथा पैरवीलगायतका क्षेत्रमा निरन्तर काम भइरहेको बताए। "आर्थिक रूपमा कमजोर मुसहर महिलालाई उद्यम विकासका लागि आवश्यक सहयोग गर्दै आएको छौं," उनले भने।

परियोजनाबाट लाभान्वित प्रमिला तिमिल्सिनाले महिलाहरू अधिकार प्राप्तिमा अझै पूर्ण रूपले सक्षम नबने पनि समूह र नेटवर्कमार्फत समस्या पहिचान र समाधानका प्रयास बढ्दै गइरहेको बताइन्।

समुदायका अगुवा जयप्रकाश सदाले बालविवाह, नागरिकता तथा जन्मदर्ता अभाव, भूमिहीनता, हिंसा तथा जातीय विभेदजस्ता समस्या अझै कायम रहेको उल्लेख गर्दै शिक्षामा पहुँच सुनिश्चित गर्न तथा सचेतना अभिवृद्धिका कार्यक्रम निरन्तर भइरहेको जानकारी दिए।

अनुगमनको निष्कर्षमा कार्यक्रमले मुसहर समुदायमा उल्लेखनीय सकारात्मक परिवर्तन ल्याएको, महिलामा उद्यमशीलता वृद्धि भएको, शिक्षा तथा न्यायमा पहुँच विस्तार हुँदै गएको तथा पारदर्शिता र समुदायको सहभागिता सन्तोषजनक रहेको उल्लेख गरिएको छ।

# महोत्तरीमा हत्या घटनाका फरार दुई जना पक्राउ



**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, बर्दिवास**

महोत्तरी जिल्लामा घटेका अलग-अलग हत्या घटनामा संलग्न भई फरार रहेका दुई जनालाई प्रहरीले पक्राउ गरी कारबाहीको दायरामा ल्याएको छ ।

जिल्ला प्रहरीका अनुसार आफ्नै बुवाको हत्या गरी फरार रहेका महोत्तरी गाउँपालिका-३, मडैका २६ वर्षीय अजयकुमार ठाकुर घटनाको तीन महिनापछि पक्राउ परेका हुन् । प्रहरीको खोजी टोलीले ठाकुरलाई नेपाल-भारत सीमा नजिक जलेश्वर-१२, थरुवाहीबाट गए राति साढे ९ बजेतिर नियन्त्रणमा लिएको हो ।

गत भदौ २४ गते घरायसी विवाद तीव्र बनेपछि आवेशमा आएका अजयले ७० वर्षीय बुवा जोगेन्द्र ठाकुरमाथि घरेलु हतियार प्रहार गरेका थिए। गम्भीर घाइते जोगेन्द्रको सोही दिन अपराह्न ४ बजे उपचारका क्रममा मृत्यु भएपछि अजय फरार भएको प्रहरीले जनाएको छ ।

त्यस्तै, हत्याको अर्को घटनामा संलग्न फरार अभियुक्तलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरीका सूचना अधिकारी तथा डिएसपी शैलेन्द्र भट्टका अनुसार सोमबार साँझ करिब सवा ६ बजे खेतबाट घर फर्कँदै गरेका जलेश्वर नगर पालिका-९, आगेपुरका ६० वर्षीय बेचन राइनमाथि पछाडिबाट धारिलो हतियारले आक्रमण गरिएको थियो । टाउकोमा गम्भीर चोट लागेका राइनलाई तत्काल प्रादेशिक अस्पताल पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

उक्त आक्रमणमा संलग्न जनकपुरधाम उप-महानगर पालिका-१९, वेङ्गा शिवपुरका करिब २० वर्षीय 'पप्पु' भनिने अनिल कुमार मण्डल फरार थिए। तर खोजतलासकै क्रममा सोही रात करिब ७ बजेतिर घटनास्थल नजिक भुकलुथान सडक खण्डमा भाग्दै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको डिएसपी भट्टले जनाउनुभयो ।

पक्राउ परेका दुवै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउँदै थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मिति :२०८२।०८।१०**

यस कम्पनीको मिति मिति २०८२।०७।१६ मा सम्पन्न बिशेष साधारण समिति को निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी किम्चु कन्स्ट्रक्सन एण्ड सप्लायर्स (प्रा. लि.) प्रा.ली. नं. ३३८६९८ को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको एम.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. अंग्रेजीमा M.B.Construction And Suppliers Pvt.Ltd.ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# परिवारको कस्टडीमै फर्काइएकी तरिनाको घरमै हत्या, सबै सदस्य रातारात बेपत्ता



**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, बर्दिवास**

रौतहटको वृन्दावन नगरपालिका-९ मुसाहामा एक १९ वर्षीया महिलाको विभत्स हत्या भएको घटना बाहिरिएको छ । भुसाहा निवासी शेख आदिलकी पत्नी तरीना खातुन घरमै खाडल खनी पुरिएको अवस्थामा मंगलबार बिहान मृत फेला परेकी छन्।

गएको १९ गते भतिजोसँग भागेकी खातुनलाई प्रहरीले घरपरिवारको जिम्मा लगाएको थियो । खातुन आफ्नै भतिजो पर्ने गुड्डु भनिने शेख अलाहुदिनसँग भागेकी थिइन्। विवाहेत्तर सम्बन्धका कारण विवाद बढेपछि दुवैजना इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएका थिए।

त्यसपछि प्रहरीले उनीहरूलाई परिवारको जिम्मा लगाएर छुट्टाएको थियो। यही घटनाले २० दिनपछि घटेको हत्याकाण्डको पृष्ठभूमि बनाएको सुरुवाती अनुसन्धानबाट बताइएको छ।

## घरभित्रै खाडल खनेर पुरिएको अवस्थामा शव

मंगलबार बिहान घटनाको सूचना पाएपछि इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहटको संयुक्त टोली घटनास्थल पुगेको थियो। टोलीले खातुनलाई घरभित्रै भुस राख्ने स्थानमा खाडल खनेर पुरिएको अवस्थामा भेटेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीका अनुसार खातुनको दाहिने खुट्टामा गहिरो चोट छ र टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको प्रारम्भिक अनुमान गरिएको छ। घटनास्थलबाट प्रयोग भएको एउटा चक्कु समेत बरामद भएको छ।

## श्रीमान् विदेशमा, घरका सदस्य सबै फरार

घटनाका बेला खातुनका श्रीमान् शेख आदिल साउदी अरबमा वैदेशिक रोजगारीमा छन। हत्या प्रकरण सार्वजनिक भएपछि उनका ससुरा शेख अलि मोहम्मदसहित घरका सबै सदस्य फरार रहेको प्रहरी उपरीक्षक रविन कार्कीले जानकारी दिए।

उनीहरू खातुनकी डेढ वर्षीया छोरी मोहम्मद आरिफलाई समेत लिएर बेपत्ता भएको प्रहरी बताँउछ ।

खातुनको शव पोष्टमार्टमका लागि चन्द्रनिगाहपुर अस्पतालमा राखिएको छ। फरार परिवारजनको खोजी तीव्र पारिएको छ भने घटनाका सबै कोणबाट अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# प्रतिनिधि सभा सदस्य निर्वाचनः दल दर्ता गर्ने समय आज आन्तिम दिन




**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, बर्दिवास**

आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागिता जनाउन राजनीतिक दलहरूले निर्वाचन आयोगमा दल दर्ता गराउने समय आज अन्तिम दिनमा पुगेको छ।

आयोगले निर्वाचन प्रयोजनका लागि निर्धारित समयसीमा भित्रै दल दर्ता अनिवार्य रहेको जनाएको छ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार, निर्वाचनमा भाग लिन चाहने कुनै पनि राजनीतिक दललाई आजसम्ममा आवश्यक कागजातसहित दर्ता प्रक्रिया पूरा गर्नुपर्नेछ।

आयोगमा पहिले नै दर्ता भइसकेका दलहरूलाई समेत निर्वाचन प्रयोजनका लागि पुनः दल दर्ता गराउनुपर्ने कानुनी व्यवस्था रहेको जनाइएको छ ।

हाल आयोगमा १३४ दल दर्ता रहेकोमा मंगलबारसम्म ८० दलले मात्र पुनः दर्ता प्रक्रिया पूरा गरेका छन्।

आयोगले आज अन्तिम दिन भएकाले दर्ता लिन आन्तरिक तयारी र सुविधा विस्तार गरेको जनाएको छ।






# औरही स्थित रामजानकी कुटीमा नयाँ मूर्तिको प्राण-प्रतिष्ठा सम्पन्न

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**मंसीर ९ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-२ स्थित ऐतिहासिक तथा पौराणिक महत्वको रामजानकी कुटीमा करिब दुई वर्षदेखि खण्डित अवस्थामा रहेको भगवान रामको मूर्ति स्थानीयको पहल र सामुदायिक सहयोगमा पुनःस्थापना गरिएको छ। नयाँ मूर्तिको प्राण-प्रतिष्ठासहित तीनदिने धार्मिक अनुष्ठान भव्यरूपमा सम्पन्न भएको हो।

स्थानीय पत्रकार तथा समाजसेवी धर्वेन्द्र कुमार यादव 'यदुवंशी'ले सामाजिक सञ्जालमार्फत खण्डित मूर्तिको अवस्था सार्वजनिक गरेपछि समुदायमा चासो बढेको थियो। त्यसपछि अशोक कुमार मण्डलको नेतृत्वमा सहयोग संकलन अभियान प्रारम्भ भएको हो। अभियानमा नागेन्द्र यादव र नवीन यादवले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको आयोजक समितिले जनाएको छ।

प्रदेशभरिबाटा आएका भक्तजन तथा स्थानीय बासिन्दाले गरेको सहयोगका आधारमा भारतको बनारसबाट भगवान राम, सीता, लक्ष्मण र हनुमानका नयाँ मूर्तिहरू कुटीमा ल्याइएका थिए। गाउँबासी तथा युवाहरूको सक्रिय सहभागितामा मन्दिरको गर्भगृहमा विधिअनुसार प्राण-प्रतिष्ठा सम्पन्न गरिएको समितिको भनाइ छ।

आइतबार बिहान धुमधाम सहित कलशयात्रा र शोभायात्राबाट धार्मिक कार्यक्रम प्रारम्भ भएको थियो। कुटीबाट गौशाला नगर पालिका-३ स्थित पचाईन मन्दिर अगाडिसम्म निकालेको शोभायात्रामा करिब ८ सयभन्दा बढी भक्तजन सहभागी भएको समितिले जनाएको छ। त्यसपछि कुटी परिसरमै पूजापाठ सुरु गरिएको थियो।

सोमबार विशेष पूजा, जलादिवस, फुलादिवस तथा गाउँ परिक्रमा गर्दै पाँच स्थानीय मन्दिरका दर्शन गराएपछि साँझ गर्भगृहमा मूर्तिको प्राण-प्रतिष्ठा सम्पन्न गरिएको हो। मंगलबार बिहान हवन तथा किर्तण मण्डलीको रामधुनसँगै धार्मिक कार्यक्रम समापन गरि एको आयोजकले जानकारी दिएको छ।



समुदायको एकता र श्रद्धाले सफल बनेको यस पुनःस्थापनाबारे औरही-२ का समाजसेवी नरेन्द्र यादवले भने, "गाउँले देखाएको सहकार्य, समर्पण र धार्मिक आस्थाको परिणामस्वरूप रामजानकी कुटी पुनः जीवन्त बनेको छ। यो हाम्रो आस्था र संस्कृतिप्रतिको सम्मान हो।"

यस्तै, सोही स्थानका अर्का समाजसेवी दरेश यादवले प्रभावकारी रूपमा भने, "कुटी केवल मन्दिर होइन, यो हाम्रो पहिचान, संस्कार र इतिहास हो। सबै मिलेर गरेको सहयोगले हामीले सांस्कृतिक धरोहर जोगाउँदै नयाँ पुस्तालाई प्रेरणा दिने कार्य गरेका छौं। यस्तो एकता दुर्लभ हुन्छ र यसले गाउँलाई अझ दृढ बनाउँछ।" नयाँ मूर्ति प्रतिष्ठापनसँगै कुटी परिसरमा भक्तजनको भीड बढेको छ भने स्थानीयवासीमा विशेष उत्साह देखिन थालेको छ।

# महोत्तरीमा लागुऔषध सहित एक भारतीय पक्राउ



**खबर दर्पण समाचारदाता**
**मंसीर ९ गते, बर्दिवास**

महोत्तरीमा ठूलोपरिमाणमा लागुऔषधसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्लाको मटिहानी नगरपालिका ८ स्थित भारतीय सानो सीमा स्तम्भ २९५/५ नजिक रहेको नं. २ बोर्डर नाकामा लागुऔषधसहित एक भारतीय नागरिक पक्राउ परेका हो । बिओपी मटिहानीबाट सई टिका बहादुर अधिकारीको कमाण्डमा खटिएको तीन जनाको गस्ती टोलीले भारतबाट नेपाल तर्फ प्रवेश गर्दै गरेका मधुवापुर, मधुवनी (भारत)का ३५ वर्षीय बिनोद साहलाई चेकजाँच गर्ने क्रममा ती लागुऔषध फेला परेको सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डिआईजी कृष्ण ढकालले बताएका छन् ।

उनका अनुसार साहले पछाडि बोकिरहेको निलो झोलाबाट निट्राजीपिन-१० एमजी– ६६ पत्ता (३२ ९८ पिस), डाईजीपाम २ मिली नशालु इंजेक्शन २९९ थान, फेनारगन् ईन्जेक्सन ३०० थान, बुप्रेप्रोफेन् ईन्जेक्सन २७४ थान, खैरो हेरोइन जस्तो देखिने पदार्थ ६५० मि.ग्राम बरामद गरिएको छ । पक्राउ परेका भारतीय नागरिकको साथबाट मोबाइल १ थान, ९८१९६३८३४३ नम्बरको सिम, ए २१६३ आइप्याड १ थान , ९७०२११८२५९ नम्बरको सिम, नेपाली रुपैयाँ ३ हजार ५३५ बर ामद गरिएको छ ।

बरामद सबै सामानसहित पक्राउ परेका साहलाई आवश्यक कार बाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाईएको बिओपी मटिहानीले जनाएको छ । घटना सम्बन्धी थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## प्रादेशिक अस्पताल मलंगवा

सर्लाही, नेपाल

**आधिकारीक आपूर्ति कर्ता (विक्रेता) मा सूचिकृत हुन र दररेट पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१०)

यस प्रादेशिक अस्पताल मलंगवा सर्लाहीको विभिन्न शाखामा रहेका निम्न अनुसारका मेसिनरी उपकरणमा प्रयोग हुने केमिकल किटहरु, प्रोप्राइटरी समानहरु तथा एक्सरे फिल्महरु आ.व.२०८२/०८३ मा खरिद गर्नका लागि सम्बन्धीत उत्पादक कम्पनी, आधिकारीक बिक्रेता (प्रोप्राइटरहरु) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) एवं सार्वजनिक खरिद नियमावली २०६४ (एघारौं संशोधन सहित ) को नियम ८५(६) बमोजिम सूचिकृत हुन इच्छुक कम्पनी/फर्महरुको नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र मू.अ. कर दर्ता प्रमाणपत्र सम्बन्धीत कम्पनीको एक मात्र आधिकारीक आपूर्ति कर्ता रहेको प्रमाण पत्र, आधिकारिक बिक्रेता पत्र, आ.व., २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि तथा आन्तरिक राजश्व विभागमा आय विवरण बुझाएको विवरण सहित उल्लेखित मेसिनमा लाग्ने केमिकल, किटहरु, प्रोप्राइटरी सामानहरु तथा एक्सरे फिल्महरुको दररेट सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय खुलेको दिन यस अस्पतालको स्टोर शाखामा सूचिकृत भई दररेट पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | सामानहरुको नाम | कैफियत |
|---|---|---|
| १. | Mindray Fully Automatic Biochemistry Analyser BS-240E | |
| २. | Mindray Fully Automatic Haematology Analyser BC-5150 | |
| ३. | Mindray Fully Automatic CLIA Analyser CL-900i | |
| ४. | Trimax DR X-ray Film | |

१. उल्लेखित सामान आपूर्ति गर्ने बढी सोही कम्पनीका आधिकारीक बिक्रेताद्वारा दररेट पेश हुन आएमा मूल्याङ्कन गरी कम दररेट कबोल गर्न आपूर्ति कर्तासँग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिनेछ।
२. रीतपूर्वक पेश हुन नआएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।
३. विस्तृत जानकारीका लागि अस्पतालको लेखा वा स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ ।
४. साथै फर्म आंशिक वा पुरा स्वीकृत वा अस्विकृत गर्ने अधिकार अस्पतालमा निहित रहनेछ ।
५. आ.व. २०८१/०८२ कझ कर चुक्ता गरिसकेको भए सोको प्रमाण पत्रको प्रतिलिपि ।
६. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ।

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुशा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,